| | | |
|---|---|---|
| | | संस्थाबाट उत्पादित बीउ आलुको शित भण्डारणमा लाग्ने शुल्कमा अनुदान उपलब्ध गराईनेछ। |

(४) समुदायस्तरमा प्रशोधनयोग्य आलु प्रवर्धन सम्बन्धी कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले प्रस्ताव पेश गर्दा आलुको प्रशोधन तथा मूल्य अभिवृद्धिको प्रारम्भिक योजना समेत पेश गर्नुपर्नेछ।

(५) *कृषि हेर्ने कार्यालयले सिफारिस गरेका बाली तथा प्रविधिको अबलम्बन गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

(६) कृषि हेर्ने कार्यालयले उल्लिखित कार्यक्रमहरु सञ्चालन गर्दा स्वीकृत बजेटको परिधिभित्र रही एक जिल्लामा एक जना कृषि प्राविधिक नियुक्ति गरी नियमित प्राविधिक पृष्ठपोषण हुने र तथ्याङ्क संकलन तथा प्रोफाइल तयार गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(७) यस मापदण्ड बमोजिम भण्डार गृह निर्माण वा प्रशोधन केन्द्र निर्माण गर्नुपर्ने भएमा मन्त्रालयको स्वीकृति लिएर मात्र निर्माण गर्नुपर्नेछ।

(८) यस मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्दा आगामी आ.व. मा बीउ आलुमा जिल्लास्तरमा आत्मनिर्भर उन्मुख हुने गरी बीउ उत्पादन सम्बन्धी कार्यलाई समेत प्राथमिकतासाथ सञ्चालन गर्नुपर्नेछ।

(९) प्रदेश सरकारले आलुको समर्थन मूल्य निर्धारण गरी कार्यान्वयन विधि तय गरेको खण्डमा यस मापदण्ड बमोजिम सञ्चालन हुने कार्यक्रमबाट तोकिएको विधि अनुरुप सहुलियत उपलब्ध गराई कृषकको न्यूनतम मुनाफा सुनिश्चित गर्न सकिनेछ।

(१०) αविगतका आ.व. मा खायन आलु उत्पादन प्रवर्धन कार्यक्रमबाट अनुदान पाईसकेका लाभग्राहीलाई दफा १ को उपदफा (३) को क्रम संख्या १ बमोजिमका क्रियाकलापमा समावेश गरिने छैन। तर नयाँ क्षेत्र विस्तारको हकमा उल्लिखित क्रियाकलापमा समावेश गराउन सकिनेछ।

(११) αगत आ.व. मा अनुदान लिई आफैले उत्पादन गरेको बीउ आलु प्रयोग गर्दा बीउ आलु खरिदमा अनुदान उपलब्ध गराइने छैन।

**२. <u>आर्थिक पक्षः</u>**

(१) स्वीकृत बजेटको परिधिभित्र रही कृषि अनुदान सम्बन्धी क्रियाकलापहरुमा अनुदानको सीमा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" बमोजिम हुनेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

α पहिलो संशोधनद्वारा थप गरिएको।

